कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, संखुवासभा

खांदवारी, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं. :

मिति : २०८३/०४/११

## जडीबुटी तथा अन्य वन पैदावारको संकलन सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/११)

प्रस्तुत विषयमा कोशी प्रदेश वन नियमावली, २०८० को नियम ३० बमोजिम संकटापन्न वनस्पतिको प्रजाति बाहेक डिभिजन वन कार्यालय, संखुवासभाको स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजना (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म) को तालिका-३९ मा उल्लेख भए बमोजिम यस कार्यालयको कार्यक्षेत्रभित्रको तपसिल अनुसारका जडीबुटी तथा गैहृकाष्ठ वन पैदावारहरु निम्न अनुसारका विवरणहरु खुलाई संकलन गर्न चाहने व्यक्ति, फर्म, उद्योग, निकायले डिभिजन वन कार्यालय, संखुवासभामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

**(क) सरकारी वनबाट जडिवुटी तथा गैहृकाष्ठ वन पैदावारको संकलन गर्न सक्ने अनुमानित परिमाण (के.जी.):**

चिराईतोः २०५००, मजिठोः १४१००, सतुवाः १२००, नागवेली पाउडरः १३००, लोक्ताः १४०००, अर्गेलीः १४०००, सिल्टीमुरः २०००, बोकेटिमुरः ३०००, सेतक चिनीः ३६०००, हडचुरः १०००, धंसिंगरेः ११०००, यर्शागुम्वाः १७, वन लसुनः ११०००, अल्लोः ८०००, पाषणवेदः ५०००, इयाउः ७०००, चुत्रोः १२००००, अन्यः ५०००

**(ख) निवेदनसाथ खुलाउनु पर्ने विवरण तथा संलग्न गर्नुपर्ने कागजातहरू:**

- संकलन गर्न चाहेको जडीबुटी/अन्य वन पैदावारको प्रजाति नाम (वैज्ञानिक नाम समेत):
- किसिम (जरा तथा गानो जाति, बोक्रा जाति, पात तथा डाँठ जाति, फूल र भुवा जाति, फल र वीज जाति, विरुवा जाति, गम, रेजिन तथा लोहावान जाति र अन्य वन पैदावार):
- संकलन गर्न सकिने परिमाण (के.जी.):
- संकलन अवधिः
- संकलन गर्ने उद्देश्यः
- संकलन गर्ने तरिकाः
- संकलन गरिने सरकारद्वारा व्यवस्थित वनको नाम, ठेगाना, चारकिल्लाः
- व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।
- फर्म, उद्योग, निकायको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, नवीकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।